# सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी

## -हाते पुस्तिका-



सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

# सामाजिक सुरक्षा नागरिक समाज सञ्जालमा आवद्ध

# सदस्य संस्थाहरू:

# सहयोगी संस्थाहरू:

# सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी

## -हाते पुस्तिका-


तयार पार्ने:
विश्वरत्न पुन
ज्ञानेन्द्र कुमार श्रेष्ठ



सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल
Social Protection Civil Society Network
(SPCSN)

# सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी

## -हाते पुस्तिका-

२०७८ साल, फागुन महिना

तेस्रो संस्करण

# भूमिका

विशेष संरक्षणको आवश्यकता भएका नागरिकहरूलाई सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरू विकसितदेखि गरीब अर्थतन्त्रसम्म कार्यान्वयनमा रहेका छन्। सामाजिक सुरक्षा कार्यक्रमहरूमध्ये नगद हस्तान्तरण कार्यक्रमहरू विकासशील मुलुकहरूमा लोकप्रिय भइरहेका छन्। हालको समयमा यस विषयमा दातृ निकायहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरू, पत्रकारहरू, नागरिक समाजहरू लगायत सबै जागरुक नागरिकहरूको चासो उल्लेख्य रूपमा बढ्न थालेको छ।

नेपालमा करिब ८५ वर्ष अघिदेखि सामाजिक सुरक्षासम्बन्धी कार्यको थालनी भएको तथ्य छ । सरकारले विगत केही दशकदेखि सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइरहेको छ । नेपाल सरकारबाट बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख जाति लगायतका व्यक्ति र समूहलाई नगद हस्तान्तरण वा भत्ता प्रदान गर्ने कार्यहरूलाई प्राथमिकताका साथ लागू गर्दागर्दैको समयमा पनि प्रदान गरिने सेवा सुविधाहरूलाई अझ व्यवस्थित, समन्वीत, न्यायपूर्ण, पारदर्शी र जवाफदेही बनाउन जरुरी देखिएको छ । यसका लागि सम्बद्ध सबैले नेपाल सरकारलाई सहयोग गर्न आवश्यक छ ।

यसै तथ्यलाई मध्यनजर गर्दै सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले लक्षित व्यक्ति, समूह एवम् सरोकारवाला सबैलाई सरकारको तर्फबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरु वा सेवासुविधाहरुमध्ये नगद हस्तान्तरण कार्यहरुबारे आम जानकारी पुगोस् भन्ने हेतुले यो हाते पुस्तक प्रकाशित गरिएको छ ।

यो पुस्तिकाको तेस्रो संसोधन तथा लेखन कार्यमा सहयोग पुऱ्याउने यस सामाजिक सुरक्षा नागरिक समाज सञ्जालमा कार्यरत नितु बर्नवाल, सरोज आचार्य तथा पृष्ठ पोषण दिनु हुने सेभ द चिल्ड्रेनको विश्वरत्न पुन, गोपाल नेपाली र भाषा सम्पादनमा सहयोग पुर्‍याउने देबकी आचार्य (विद्यावारिधि) र मिनिस्ट्री फर फरेन अफैर्स अफ फिन्ल्याण्डप्रति हार्दिक आभार व्यक्त गर्दै यो पुस्तिका सबै सरोकारवालाको लागि सहयोगी बन्ने अपेक्षा राखेका छौं। ■

**तिलोतम पौडेल**
अध्यक्ष,
सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

# सामाजिक सुरक्षा कार्यक्रम

## १. परिभाषा तथा अवधारणा

अति गरिबी अवस्थामा गुज्रिरहेका, असहाय अवस्थामा रहेका, जोखिममा परेका वा जोखिम उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई अति गरिबी तथा जीवनमा आउन सक्ने सम्भाव्य जोखिमहरूबाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्ने नीति र कार्यक्रमहरूलाई सामान्यत: सामाजिक सुरक्षा भनिन्छ ।

संयुक्त राष्ट्र संघको सामाजिक विकास अध्ययन केन्द्रका अनुसार सामाजिक सुरक्षाले बेरोजगार, बञ्चितीकरण, बिरामी, अपाङ्गता र बुढेसकालमा हुने सामाजिक तथा आर्थिक जोखिम व्यवस्थापन गर्न, उनीहरूको क्षमता अभिवृद्धि गर्न, व्यक्तिहरूको उच्च जोखिम कम गर्न र श्रम बजारको दक्षता अभिवृद्धि गर्न तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरू समावेश गर्दछ । सामाजिक संरक्षण पद्दति तथा कार्यक्रम राज्य र नागरिकबीचको सम्बन्ध मजबुत गर्ने, प्रकोप व्यवस्थापन गर्ने, सामाजिक न्याय र समावेशी सुधार गर्ने, समाजका कमजोर व्यक्ति वा समूहका लागि आयको पुनर्वितरण गर्ने माध्यम पनि हो । राष्ट्रिय निर्देशक समितिले बनाउँदै गरेको मस्यौदा सामाजिक संरक्षण खाकासम्बन्धी दस्तावेज अनुसार सामाजिक सुरक्षा जालो (Social Safety Net) सामाजिक सुरक्षा र सामाजिक संरक्षण तीनैवटा शब्दहरू कहिलेकाहिँ उस्तै काम कुराका लागि प्रयोग गरिन्छन् र यी सबै गरीब र जोखिममा रहेका र रहन सक्ने व्यक्ति वा समूहको सेवासुविधामा केन्द्रित रहन्छन् ।

## २. सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि:

सामाजिक सुरक्षाको विषय सताव्दियौंदेखि सरकारी, गैरसरकारी, निजी र धार्मिक संस्थाहरूले आत्मसात गरी एकीकृत रूपमा सञ्चालन गरेको कार्य हो । औपचारिक रूपमा सामाजिक सुरक्षा कार्यक्रम विश्वमा नै सबभन्दा पहिला जर्मनीले सन् १८८० को दशकदेखि बिरामी कामदारको स्वास्थ्य बिमाबाट, फ्रान्सले सन् १९०५ देखि बेरोजगारी भत्ता व्यवस्थाबाट, बेलायतले सन् १९११ देखि स्वास्थ्य बिमा, बेरोजगारी भत्ता र ज्येष्ठ नागरिकको बिमा वा भत्ता कार्यक्रमबाट र तत्कालीन सोभियत संघले सन् १९२२ देखि बृहत सामाजिक सुरक्षाको व्यवस्था सुरु गरेको पाइन्छ । यसैगरी अमेरिकाले सन् १९३५ मा बेरोजगार, वृद्धवृद्धा र सेवा निवृत्त

कर्मचारीका लागि भत्ता वा बिमाको व्यवस्था गरेको देखिएको छ । नेपालमा पनि करिब यसै बेलातिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते सैनिकको सहयोगको लागि वार्षिक एकमुष्ठ रकमको सहयोग गर्ने गरेको पाइन्छ । त्यस बेलादेखि देशको क्षमता अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा, बालबालिका, गर्भवती, निवृत्त कर्मचारी, सीमान्तकृत व्यक्ति तथा समुदायका लागि विविध सेवासुविधा प्रदान गर्ने जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सुधार गर्दै ल्याइएको छ ।

सामाजिक सुरक्षाको विषयलाई संयुक्त राष्ट्र संघ तथा अन्य अन्तर्राष्ट्रिय स्तरका विभिन्न घोषणाहरूले सम्बोधन गरिरहेका छन् । खासगरी संयुक्त राष्ट्र संघको सन् १९४८ को मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा, सन् १९६५ को जातजाति विरुद्धका सबै किसिमका भेदभाव निर्मूलन सम्बन्धी घोषणा, सन् १९६६ को आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी घोषणा, सन् १९७९ को महिला विरुद्ध हुने सबै किसिमका भेदभाव निर्मूलन सम्बन्धी घोषणा, सन् १९८९ को बाल अधिकार महासन्धि, सन् २००० को सहस्राब्दी घोषणा, (दिगो विकास लक्ष्यको र पन्ध्रौं योजनाको विषय पनि राख्ने) सन् २००६ को अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी घोषणा लगायतका घोषणाहरु छन् । अचेल विश्वका प्राय: सबै देशहरूमा कुनै न कुनै किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालनमा रहेको पाइन्छ ।

# ३. नेपालमा सामाजिक सुरक्षा कार्यक्रम

## क. पृष्ठभूमि:

नेपालमा सामाजिक सुरक्षा सम्बन्धी कार्यको थालनी वि.सं. १९९१ तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरुलाई वार्षिक एकमुष्ठ रकम उपलब्ध गराउने प्रयाससँगै सुरु भएको देखिन्छ । त्यसपछि वि.सं. १९९८ तिर सेवा निवृत्त सैनिक र त्यसको एक वर्षपछि सेवा निवृत्त सरकारी कर्मचारीलाई निवृत्तिभरण प्रदान गर्ने कार्य सुरु भएको बुझिएको छ । योजनागत रुपमा विशेषगरी छैठौं योजनादेखि खासगरी गरीब र सिमान्तकृत समूहको सवालमा ध्यान दिई आधारभूत आवश्यकतालाई केन्द्रित गरी योजना तर्जुमा गरेको देखिन्छ । अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा गरिबको सवाललाई योजनामा अझ प्राथमिकता दिंदै आठौं योजनामा गैरसरकारी संस्थाहरुलाई समेत विकासको साझेदारको रुपमा स्थापित गरी सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमलाई केही फरक तरिकाबाट अगाडि बढाउने प्रयास गरेको पाइन्छ । हालसम्म आईपुग्दा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विधवा, लोपोन्मुख तथा सीमान्तकृत जाति लगायतका नागरिकहरु सामु आर्थिक तथा सामाजिक रुपमा उत्पन्न जोखिम वा कठिनाई व्यवस्थापन गर्न सघाउ पुऱ्याउने हेतुले नेपाल सरकारले सामाजिक

सुरक्षा कार्यक्रमलाई निकै सुधार र विस्तार गर्दै आएको छ । यस कार्यक्रम अन्तर्गत नागरिकका अधिकार र सेवा, सहुलियत वा सुविधा पाउने जस्ता विषयहरू समावेश हुन्छन् ।

सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूलाई लक्षित व्यक्तिको योगदानमा आधारित हुने र नहुने गरी दुई किसिमको व्यवस्था भएको छ । योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको प्रत्यक्ष योगदान रहेको हुन्छ र सामाजिक बिमाको रूपमा रहन्छ भने गैर योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको योगदान नभई पूर्णत: सरकारी योगदानबाट मात्र सहयोगको रूपमा सञ्चालन हुन्छ । यस प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रम सरकारले आर्थिक वर्ष २०५१/०५२ देखि वृद्ध भत्ताको व्यवस्थाबाट प्रारम्भ गरेको हो । हालसम्म विभिन्न व्यक्ति वा समूहहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन् ।

## ख. सामाजिक सुरक्षा कार्यक्रमको उद्देश्य:

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत मूलत: लक्षित लाभकर्तालाई नगद हस्तान्तरण वा भत्ता वितरण गरिने कार्यक्रमको उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीति बमोजिम सामाजिक न्याय प्रदान गर्नु
- ज्येष्ठ नागरिक, एकल महिला तथा विधवा, अपाङ्गता भएका व्यक्ति, दलित तथा लोपोन्मुख जातजाति एवम् बालबालिकाको सामाजिक सुरक्षा सम्बन्धी हक, अधिकार संरक्षण गर्नु र
- कर्णाली क्षेत्र र दलित परिवारका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउनु ।

## ग. सामाजिक सुरक्षासम्बन्धी संवैधानिक र कानुनी व्यवस्था:

नेपालमा बालबालिका, एकल महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लोपोन्मुख जातजाति, शहिदको परिवार, द्वन्द्व प्रभावित परिवार लगायत गरिब र सीमान्तकृत परिवार तथा समुदायका विशेष संरक्षण र सहयोगको आवश्यकता पर्ने व्यक्तिहरूका लागि राज्यबाट नगद हस्तान्तरण लगायत अन्य सेवासुविधा सहितको सामाजिक सुरक्षा पाउने अधिकारको व्यवस्था भएको छ । नेपालमा पनि संविधानले सामाजिक सुरक्षाको विषयलाई मानव अधिकारको रूपमा स्थापित गरेको छ ।

### संवैधानिक व्यवस्था:

नेपालको संविधान (२०७२) को धारा ४२ ले सामाजिक न्यायको हक अन्तर्गत उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा

लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भनी उल्लेख भएको छ । साथै धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैले गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था भएको छ । मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने तथा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता दिने राज्यको नीति रहेको छ । यसबाट संरक्षणको विशेष आवश्यकता भएका नागरिक तथा बालबालिकाको सामाजिक सुरक्षासम्बन्धी सेवासुविधा पाउने अधिकार सुनिश्चित हुने दिशातिर सरकार अग्रसर रहेको छ ।

## कानूनी व्यवस्था:

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ३२ मा सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा नि:शुल्क रूपमा तोकिएका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था छ ।

यस पुस्तिकामा योगदानमा आधारित नहुने सामाजिक सुरक्षा कार्यक्रमबाट नागरिक लगायत विभिन्न समूहका बालबालिकालाई प्रदान गरिने नगद हस्तान्तरण तथा भत्ता वितरण कार्यक्रम समावेश गरिएको छ । कुनै पनि सेवा र क्षेत्रमा कार्य गरेका कर्मचारीका लागि प्रदान गरिने सामाजिक सुरक्षाका सेवासुविधा लगायतका विषयहरू यस पुस्तिकामा समावेश गरिएका छैनन् । यसैगरी राज्यको तर्फबाट कुनै पनि व्यक्ति, समूह वा व्यवसायीलाई सामाजिक सुरक्षा अन्तर्गतको मासिक वा एकमुष्ठ भत्ताबाहेकका सेवा, सुविधा वा सहयोग समेत यस पुस्तिकामा समावेश गरिएको छैन । सामाजिक संरक्षण लगायत सामाजिक सुरक्षा कार्यहरू मूलत: निम्नानुसारका ऐनहरू तथा नियमावलीहरूमा प्रत्यक्ष तथा परोक्ष रुपमा समावेश गरिएको देखिन्छ :

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) २०६५
- निजामती सेवा ऐन, २०४९ र यसको नियमावली २०५०
- समाज कल्याण ऐन २०४९ र २०६३

- ट्रेड युनियन ऐन, २०४९
- बालश्रम (नियमित र निषेधित गर्ने) ऐन, २०५६
- वैदेशिक रोजगार ऐन, २०६४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- बालबालिकासम्बन्धी ऐन, २०७५
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन, २०७५: लक्षित व्यक्ति, परिवार तथा समुदायको योगदानमा आधारित नहुने सामाजिक सुरक्षा कार्यक्रमसँग सम्बन्धित मुख्य ऐनको रुपमा सामाजिक सुरक्षा ऐन, २०७५ लाई लिन सकिन्छ । यस ऐनमा सामाजिक सुरक्षा भत्ताका विभिन्न प्रावधानहरु रहेका छन् ।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि (संसोधित), २०७७

## नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको विकासक्रम:

- वि.सं. १९९१ मा सैनिक द्रव्यकोषको स्थापना
- वि.सं. १९९३ मा निवृत्तिभरणको प्रारम्भ
- वि.सं. २००१ मा निजामति प्रोभिडेन्टको फन्डको स्थापना
- वि.सं. २०१९ मा कर्मचारी सञ्चय कोषको स्थापना
- वि.सं. २०४७ मा नागरिक लगानी कोषको स्थापना
- वि.सं. २०४८ मा श्रम ऐन र २०४९ मा श्रम नियमावली लागू
- वि.सं. २०५१ मा ज्येष्ठ नागरिक भत्ताको प्रारम्भ
- वि.सं. २०६६ मा सामाजिक सुरक्षा करको प्रारम्भ
- वि.सं. २०६७ मा सामाजिक सुरक्षा कोषको स्थापना
- वि.स. २०७४ मा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम
- वि.स. २०७५ मंसिर ११ मा सामाजिक सुरक्षा योजनाको प्रारम्भ तथा २०७६ श्रावण १ गतेदेखि लागू

हाल कार्यान्वयनमा रहेका सामाजिक सुरक्षा (Social Protection) सम्बन्धी कार्यक्रम अन्तर्गत नगद हस्तान्तरण विभिन्न छात्रवृत्ति तथा अन्य सेवासुविधाहरु रहेका छन् (अनुसूची १) ।

## घ. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही र भत्ताको व्यवस्था:

| लक्षित समूह | उपसमूह | मासिक भत्ता दर | मापदण्ड (नेपाली नागरिक) | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|---|---|
| लोपोन्मुख जाति | कुसुण्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया,सुरैल, राजी, लेप्चा, कुसवडिया(पत्थरका, सिलकट,कुशवधिया र, कुचबधिया) समुहका आदिवासी नागरिकका सबै परिवारका सदस्यले प्राप्त गर्ने । | रु ३९९०।- | सामाजिक सुरक्षा ऐन, २०७५ को अनुसूचिमा उल्लेखित जाति | ■ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>■ १६ वर्ष भन्दा कम उमेर भएमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>■ लोपोन्मुख जाति खुल्ने प्रमाण |
| बाल पोषण भत्ता | अति विपन्न तथा क्षेत्र तोकिएका | रु ५३२।- | ■ ५ वर्ष उमेर पुरा नगरेका,<br>■ नेपाल सरकारले क्षेत्र तोकेका जिल्लाका र देशभरका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई बालबालिका। | ■ आमा, बाबु वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>■ बालबालिकाको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि |
| अपाङ्गता भत्ता | पूर्ण अशक्त अपाङ्गता | रु ३९९०।- | ■ पूर्ण अशक्त अपाङ्गता भएका<br>■ प्रचलित कानुन बमोजिम क बर्गको अर्थात् रातो रंङ्को अपाङ्गता परिचयपत्र प्राप्त गरेको) | ■ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (१६ वर्ष माथिका उमेर समूहलाई)<br>■ जन्म दर्ताको प्रमाणपत्र (१६ वर्ष भन्दा मुनीको उमेर समुहलाई)<br>■ "क" वर्गको अपाङ्गता परिचयपत्रको प्रतिलिपि |
| | अति अशक्त अपाङ्गता | रु २१२८।- | ■ नेपाली नागरिक,<br>■ अति अशक्त अपाङ्गता भएका<br>■ प्रचलित कानुन बमोजिम "ख" बर्गको अर्थात् नीलो रंङ्को अपाङ्गता परिचयपत्र प्राप्त गरेको । | ■ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (१६ वर्ष भन्दा माथिका उमेर समूहलाई) वा जन्म दर्ताको प्रमाणपत्र (१६ वर्ष मुनीका उमेर समूहलाई)<br>■ "ख" वर्गको अपाङ्गता परिचयपत्रको प्रतिलिपि |

## घ. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही र भत्ताको व्यवस्था:

| लक्षित समूह | उपसमूह | मासिक भत्ता दर | मापदण्ड (नेपाली नागरिक) | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|---|---|
| असहाय एकल महिला भत्ता | विधवा | रु. २६६० ।- | पतिको मृत्यु भई अर्को विवाह नगरेको महिला | ■ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>■ पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>■ अर्को विवाह नभएको प्रमाण |
| | सम्बन्ध विच्छेद भएका महिला | रु २६६० ।- | पतिसँग सम्बन्ध विच्छेद भई अर्को विवाह नगरेको ६० वर्ष उमेर पुरा भएका महिला | ■ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>■ सम्बन्ध विच्छेद प्रमाणपत्रको प्रतिलिपि<br>■ अर्को विवाह नभएको प्रमाण |
| | न्यायीक पृथकीकरण गरी बसेका महिला | रु २६६० ।- | पतिसँग अंशलिई भिन्न भई अर्को विवाह नगरी बसेका ६० वर्ष उमेर पुरा भएका महिला | ■ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>■ अदालतबाट न्यायीक पृथकीकरण गरेको निर्णयको प्रतिलिपि<br>■ अर्को विवाह नभएको प्रमाण |
| | विवाह नगरेका महिला | रु २६६० ।- | विवाह नगरी बसेका ६० वर्ष उमेर पुरा भएका महिला | ■ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>■ अविवाहिताको प्रमाण |
| ज्येष्ठ नागरिक भत्ता | ७० वर्ष माथिका सबै नेपाली नागरिक | रु ४००० ।- | उमेर ७० वर्ष भन्दा माथि | ■ सबै वर्गका लाभग्राहीलाई दुई प्रति पासपोर्ट साईजको फोटो सहित<br>■ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| | ज्येष्ठ नागरिक दलित | रु. २६६० ।- | ■ उमेर ६० वर्ष भन्दा माथि<br>■ राष्ट्रिय दलित आयोगमा दलित भनि सुचिकृत जाति | नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र दलित जात खुल्ने प्रमाण |
| | ज्येष्ठ नागरिक क्षेत्र तोकिएका | रु २६६० ।- | उमेर ६० वर्ष माथि, नेपाल सरकारले तोकेका (हुम्ला, जुम्ला,कालिकोट, मुगु र डोल्पा जिल्ला) क्षेत्र भित्र परेका। | नेपाली नागरिकता प्रमाणपत्र, बसाई सरी गएको भएमा बसाईं सराईंको प्रमाणपत्र |

## ङ. सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी अन्य व्यवस्थाः

### १. सामाजिक सुरक्षा भत्ता पाउनका लागि निवेदन दिनु पर्नेः

(१.१) सामाजिक सुरक्षा भत्ता पाउने उमेर वा योग्यता पुगेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउनको लागि सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ । तर आफैले निवेदन दिन नसक्ने व्यक्तिको हकमा निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

(१.२) बालबालिकाले पाउने सामाजिक सुरक्षा भत्ताको लागि निवेदन दिँदा जन्मदर्ता गरेको अभिलेखको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(१.३) सम्बन्धित वडा कार्यालयले निवेदन प्राप्त भएको ७ दिनभित्र आवश्यक कारबाही गरी निर्णय गर्नु पर्नेछ ।

(१.४) सम्बन्धित स्थानीय तहले प्राप्त भएको निवेदन छानविन गर्दा सामाजिक सुरक्षा भत्ता पाउने नदेखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(१.५) सामाजिक सुरक्षा भत्ता पाउनका लागि दिने निवेदनको ढाँचा तथा संलग्न गर्नुपर्ने कागजातको जानकारी सम्बन्धित वडा कार्यालयबाट पाइन्छ ।

(१.६) सामाजिक सुरक्षा भत्ता लिन नचाहने व्यक्तिले सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ । सम्बन्धित स्थानीय तहले सोको अभिलेख राखी त्यस्तो व्यक्तिलाई सम्मान गर्नु पर्नेछ ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम सुविधा पाउन योग्य नागरिकहरूले अनिवार्य रूपमा सम्बन्धित पालिकाको वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्तामा समावेश भएका लाभग्राहीले प्रत्येक वर्षको श्रावण १ गतेदेखि कार्तिक मसान्तभित्र नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित निवेदन दिनुपर्छ ।

### २. परिचयपत्रः

सामाजिक सुरक्षा ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिलाई सम्बन्धित वडा कार्यालयले तोकिएको ढाँचामा परिचय-पत्र दिन्छ । बालबालिकाको हकमा परिचय-पत्रमा संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्तिको परिचय समेत खुलाउनु पर्नेछ । अपाङ्गता सम्बन्धी परिचय-पत्र प्रत्येक वर्ष स्थानीय तहले पुनरावलोकन गरी अभिलेख अद्यावधिक गर्छ । तोकिएको सामाजिक सुरक्षा भत्ताको परिचय-पत्र नलिएको नागरिकले सामाजिक सुरक्षा भत्ता पाउँदैन । सामाजिक सुरक्षाको भत्ता पाईरहेका लाभग्राहीले प्रत्येक वर्ष सम्बन्धित पालिका वा वडा कार्यालयमा आफ्नो नाम नवीकरण गर्नुपर्छ ।

सामाजिक सुरक्षाको भत्ता पाइरहेका लाभग्राहीको नाम सम्बन्धित पालिका वा वडा कार्यालयबाट देहायको अवस्थामा कट्टा हुन्छ:

- लाभग्राहीको मृत्यु भएमा
- बसाई सरी अन्यत्र गएमा
- दोहोरो दर्ता कायम भएमा
- स्वेच्छिक रूपमा लागत गर्न चाहेमा
- बाल पोषण भत्ताको हकमा बालबालिकाको उमेर ५ वर्ष अर्थात ६० महिना पूरा भएमा
- एकल वा विधवा महिलाले विवाह गरेमा
- झुठा विवरण पेश गरी भत्ता पाइरहेको पत्ता लागेमा ।
- दर्ता नवीकरण नगरेमा
- सरकारी वा सरकारको पूर्ण वा आंशिक सहयोग रहेको सघंसंस्थाबाट मासिक रूपमा निवृतिभरण वा लाभ लिएमा

## ३. सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था:

सम्बन्धित पालिकाबाट तोकिएको सामाजिक सुरक्षा भत्ता तोकिएका लाभग्राहीलाई वितरण हुन्छ । अन्य व्यक्ति वा झुठो व्यक्तिलाई यस्तो भत्ता प्रदान गरेको पाइएमा भत्ता लिने र दिने दुवैलाई कानून बमोजिम कारवाही हुन्छ । यो रकम त्रैमासिक (प्रत्येक ३ महिना) रूपमा पत्येक वर्षको श्रावणदेखि कार्तिक मसान्तसम्म अनिवार्य रूपमा आफ्नो वडामा गई नवीकरण गनुपर्छ ।

सबै नगरपालिका तथा जिल्ला सदरमुकामस्थित गाउँपालिकामा बैङ्क खाता खोली सामाजिक सुरक्षा भत्ता विवरण गर्नुपर्ने र बैकिङ्ग सुविधा भएका गाउँपालिकामा पनि सोही अनुसार हुने व्यवस्था रहेको छ ।

## ४. दोहोरो सामाजिक सुरक्षा भत्ता नपाउने:

- कुनै नागरिकले १ भन्दा बढी प्रकारको सामाजिक सुरक्षा भत्ता पाउने रहेछ भने पनि निजले रोजेको कुनै १ मात्र सामाजिक सुरक्षा भत्ता पाउनेछ ।
- कुनै नागरिकले यस ऐन र प्रचलित कानून बमोजिम एकै प्रकारको सुविधा पाउने रहेछ भने निजले रोजे बमोजिम कुनै १ सुविधा मात्र लिन पाउनेछ ।
- बालबालिकाको हकमा अन्य किसिमको भत्ता पाएको भएता पनि बाल पोषण भत्ता प्राप्त गर्न सकिनेछ ।

## ५. सामाजिक सुरक्षा भत्ता नपाउने:

देहाय बमोजिमको व्यक्तिले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनेछैन:

- कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति,

- सरकारी कोषबाट निवृत्तिभरण पाइरहेका व्यक्ति,
- अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तिभरण, अवकास सुविधा एवम् अन्य सुविधा पाइरहेको व्यक्ति।

## ६. कसूर र सजायँ:

कसैले देहायको कार्य गरेमा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम कसूर गरेको मानिनेछ र प्रचलित कानून बमोजिम जरिवाना तथा सजायँ हुन्छ:

(क) विवरण ढाँटी सामाजिक सुरक्षा भत्ता लिएमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित सामाजिक सुरक्षा भत्ता लिएमा,

(ग) कुनै व्यक्तिले प्राप्त गरेको सामाजिक सुरक्षा भत्ता निजको संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्ति वा अन्य व्यक्तिले दुरुपयोग गरेमा वा निजको हित विपरित प्रयोग गरेमा,

(घ) सामाजिक सुरक्षा भत्ता वितरण गर्ने अधिकारीले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग गरेमा,

(ङ) गलत विवरण पेश गरेमा वा गलत सिफारिस गरेमा ।

## ७. उजूर गर्न सक्ने:

सामाजिक सुरक्षा ऐन अन्तर्गतको कसूरमा जुनसुकै व्यक्तिले सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा वा वडा कार्यालयमा वा स्थानीय तहमा वा जिल्ला प्रशासन कार्यालयमा वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा उजूर गर्न सक्नेछ ।

## ८. मुद्दा हेर्ने र पुनरावेदन गर्ने:

सामाजिक सुरक्षा ऐन अन्तर्गत माथि उल्लेख गरिएको कसूर गरेमा माथिको खण्ड (घ) बाहेकको अन्य मुद्दाको कारबाही र किनारा सम्बन्धित स्थानीय तहको न्यायिक समितिले गर्नेछ । न्यायिक समितिले यस्ता मुद्दा दर्ता भएको मितिले १२० दिनभित्र कारबाही र किनारा लगाउने गर्दछ । माथिको खण्ड (घ) बमोजिमको कसूरसम्बन्धी उजूर परेमा त्यस्तो उजूरीको आवश्यक कारबाहीको लागि न्यायिक समितिले सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

न्यायिक समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

# नेपाल सरकारले सञ्चालन गर्दै आएका सामाजिक संरक्षण कार्यक्रम अन्तर्गतका केही प्रमुख सेवासुविधाहरू:

## १. छात्रवृत्ति तथा नगद सुविधा:

- छात्रवृत्ति - छात्रा, अपाङ्गता भएका, लक्षित जनजाति, दलित, शहिदका छोराछोरी, कमलरी, द्वन्द्व प्रभावित, लोपोन्मुख जातजाति, अति सीमान्तकृत, मुक्त कमैया लगायतका छात्रवृत्ति । यी छात्रवृत्ति आवासीय र गैर आवासीय गरी दुई थरिका हुन्छन् । आवासीय छात्रवृत्ति प्रति वर्ष चालिस हजार रुपैयाँ (रु.४०,०००।-) सम्मको रहेको देखिएको छ ।
- सेवा निवृत्त कर्मचारीहरूका लागि निवृत्तिभरण तथा अनुदान सुविधा उपलब्ध छ ।
- कर्मचारीका लागि स्वास्थ्य सुविधा, सञ्चय कोष लगायतका सुविधा उपलब्ध छ ।
- संस्थामा सुत्केरी गराउनेलाई हिमाली भेकमा रु. ३,०००, पहाडी भेकमा रु. २,००० र तराई भेगमा रु. १०००।- प्रोत्साहन भत्ता उपलब्ध छ ।
- शहिदका परिवारलाई जीवनयापन र १८ वर्षसम्मका ३ जनासम्मका बालबालिकालाई अध्ययन खर्च प्रदान गर्ने व्यवस्था छ ।
- प्राकृतिक प्रकोप राहत - नगद तथा सरसामान सहयोग उपलब्ध गराउने व्यवस्था छ ।
- द्वन्द्व पीडित तथा घाइतेका लागि एकमुष्ठ आर्थिक सहयोग प्रदान गरिएको छ ।

## २. जिन्सी हस्तान्तरण र जीवनयापन कार्यक्रम

- खाद्यान्न अभाव हुने जिल्लाहरूमा सुपथ मूल्यमा सामान उपलब्ध गराउने व्यवस्था छ ।
- विद्यालय खाजा र पोषण कार्यक्रम सञ्चालनमा रहेको छ ।
- सुपथ मूल्यमा आयोडिनयुक्त नुन आपूर्ति गर्ने गरिएको छ ।

- दलित, गरिब र कमैया परिवारका लागि पशुपालन लगायत आयमूलक कार्यक्रम उपलब्ध छ ।
- तराईका ५ जिल्लाहरूमा कमैया र हलिया सहयोग तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनमा छ ।
- सामुदायिक र कबुलियत वन कार्यक्रम प्रभावकारी रूपमा चलिरहेको छ ।
- लोपोन्मुख, सीमान्तकृत, जनजाति, चेपाङ्, दलित, सीमान्तकृत मधेशी, मुस्लिम लगायत अन्य लक्षित कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

## ३. सेवासुविधामा पहुँच

- निःशुल्क विद्यालय शिक्षाको व्यवस्था गरिएको छ ।
- उच्च शिक्षाका लागि छात्रवृत्ति प्रदान गर्ने गरिएको छ ।
- निःशुल्क स्वास्थ्य सेवा सुविधा - उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा निश्चित औषधी र सेवाका साथै जिल्ला अस्पतालमा निश्चित व्यक्ति वा समूहलाई निःशुल्क स्वास्थ्य सेवा तथा अन्य सरकारी अस्पतालहरूमा निश्चित गरिब तथा अन्य बिरामीका लागि निःशुल्क वा सहुलियत दरमा सेवा सुविधा, एवम् भिटामिन ए र विविध खोप सेवाहरू उपलब्ध गरिएको छ ।
- अति गरिब र लोपोन्मुख परिवारका लागि आवास कार्यक्रम सञ्चालनमा रहेको छ ।

## ४. सामाजिक बिमा

- कुनै पनि सेवा तथा संस्थामा कार्य गरेका कर्मचारीहरूले पाउने पेन्सन, उपदान, सञ्चय कोष तथा सामाजिक सुरक्षा कोष लगायतका सेवासुविधा बाहेक, सामाजिक बिमा अन्तर्गत बाली र पशु बिमा कार्यक्रम सुरु गरिएको छ ।

## ५. अन्य

- युवा स्वरोजगार तथा रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।
- कर्णाली रोजगार कार्यक्रम - उक्त क्षेत्रमा सञ्चालन गरिने निर्माण कार्यमा कम्तिमा १०० दिनको वार्षिक रोजगारको व्यवस्था गरिने गरिएको छ ।
- गरिबी निवारण कोष - खासगरी गरीब र सीमान्तकृत व्यक्ति तथा समूहका लागि तालिम, आयमूलक कार्यक्रम सञ्चालनमा रहेको छ ।
- गरीब, दलित तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रदान गर्ने गरिएको छ ।

व्यक्ति वा समूहलाई कृषि व्यवसाय, पशु तथा पंक्षी पालन लगायतका आयमूलक व्यवसाय गर्नका लागि सरकारी संयन्त्रबाट नगद सहयोग तथा छुटको व्यवस्था रहेको छ ।

नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा कार्यक्रम अन्र्तगत प्रदान गरिने सामाजिक सुरक्षालाई व्यवस्थित, पारदर्शि, जवाफदेहि, उतरदायि र पाउनै पर्ने व्यक्तिले सहज रूपमा लिने कार्यमा हामी सबैले सहयोग, समन्वय र सहजीकरण गरौ।

# सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी

## -हाते पुस्तिका-

# बाल पोषण भत्तामा भएको सुशासनका संयन्त्रहरू:

जनताले तिरेको कर

बजेट विनियोजन

अर्थ मन्त्रालय

७७ जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय

बैंकिंग कारोबार

लाभग्राही

बजेट वितरण तथा कोषको लेखाजोखा र अनुगमन

राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभाग

स्थानीय तहबाट प्राप्त जानकारीका आधारमा लाभग्राहीहरुको नामावली सूचिकृत तथा व्यवस्थापन गर्ने

**७५३**
स्थानीय तह

**६,७४३**
वडा कार्यालय

बैंकिंग कारोबारबाट भुक्तानी हुन नसक्ने लाभग्राहीहरुको लागि वडा कार्यालयबाट वितरण

## प्रत्येक वर्ष साउन १ गते देखि कार्तिक मसान्तभित्र नाम नविकरण गर्नुपर्ने

**चित्त नबुझेमा कहाँ जाने ?**

१. सम्बन्धित वडा कार्यालयमा गई उजुरी दिने

२. सम्बन्धित स्थानीय तह (गाउँपालिका वा नगरपालिका) मा गई उजुरी दिने

३. सम्बन्धित जिल्ला प्रशासनमा गई उजुरी दिने

४. राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभागमा गई उजुरी दिने

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल
**Social Protection Civil Society Network (SPCSN)**

सम्पर्क कार्यालय: बुद्धनगर काठमाण्डौं | सम्पर्क नं: ९७४१४६६५९५
URL: www.**spcsnnepal**.org | Email: **spcsnnepal**@gmail.com

प्रकाशन सहयोग:

With support from Finland's development cooperation

CSSP Child Sensitive Social Protection

Save the Children

DESIGN: KRISHNA SHRESTHA, 9841280436